

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १९ गते सोमबार ❑ 1 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरा–मुग्लिन सडक निर्माण सुस्त गतिमा

**रासस**
गण्डकी, १८ चैत

पर्यटकीय राजधानी पोखरा प्रवेश गर्ने पोखरा-मुग्लिन सडक विस्तार र स्तरोन्नतिको काममा ढिलाइ हुँदा पर्यटक र सर्वसाधारण दुई वर्षदेखि सास्ती भोग्न बाध्य छन् । घाम लाग्दा धुलो र पानी पर्दा हिलोको समस्याबाट यात्रु हैरान भएका छन् ।

विसं २०७८ वैशाखदेखि सुरु भएको सडक विस्तार तथा स्तरोन्नति कार्यले पछिल्लो समय थोरै गति लिन थालेको छ । स्थानीयले निर्माण सुस्त भएकाले अझै गति बढाउनुपर्ने बताउँदै आएका छन् । आयोजनाको पूर्वी सडकखण्ड (मुग्लिन-जामुने)मा हालसम्म भौतिक प्रगति ५१ र पश्चिम खण्ड (जामुने-पोखरा) मा १७ प्रतिशत पुगेको छ । पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेका अनुसार १४ किमी दूरीमा दुईतर्फी (चार लेन) र १२ किमिमा एकतर्फी (दुई लेन) सडक कालोपत्र भइसकेको छ । उक्त खण्डमा पर्ने १७ साना-ठूला पक्की पुलमध्ये १४ वटा बनिसकेको र तीन वटा निर्माणाधीन अवस्थामा छन् । मादीमा बन्ने 'सिग्नेचर' पुल छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इन्जिनियर पाण्डेले बताए।

"कोभिड महामारीलगायतका कारण सुरुको चरणमा काम गर्न ढिलाइ भएको हो । अहिले कामले गति लिएको छ, निर्माण कम्पनीले उपकरण र मजदुर थपेर काम गरिरहेका छन्", उनले भने, "कालोपत्रका लागि बेस हाल्नेदेखि, कल्भर्ट, नाली, पर्खाललगायत पूर्वाधार तयारीका काम धमाधम भइरहेका छन् ।" पूर्वी खण्डको



४१ दशमलव ४५ किमिको काम विसं २०७८ वैशाखदेखि चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले सुरु गरेको थियो ।

उक्त खण्डको ठेक्काको म्याद आगामी वैशाखसम्म छ । "छ महिना म्याद थपका लागि प्रक्रिया अगाडि बढेको छ, सोही अवधिभित्र कामसक्ने लक्ष्य आयोजनाको छ", इञ्जिनियर पाण्डेले भने । पूर्वी खण्डमा पर्ने तनहुँको दमौली र डुम्रे बजारमा छ लेन र बाँकी खण्डमा चार लेनको सडक बन्ने उनको भनाइ छ । निर्माण कम्पनीले रु छ अर्ब २१ करोड ३१ लाखमा उक्त खण्डको ठेक्का लिएको थियो ।

आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख राजेशप्रसाद पौडेलले काम सकिन अझै दुई वर्ष लाग्ने बताए। "हालसम्म पश्चिम खण्डको भौतिक प्रगति १७ प्रतिशत छ, कुनै अवरोध आएन भने दुई वर्षभित्र काम सकिन्छ", उनले भने, "सडक निर्माणलाई तीव्रता दिन पश्चिम खण्डमा अहिले इञ्जिनियर र पाँच सय बढी मजदुर खटिएका छन् ।" सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार निर्माणको काम तीव्र गतिमा भइरहेको उनले जानकारी दिए । "कतिपय ठाउँमा सडक दायाँबायाँका भौतिक संरचना, विद्युत् खम्बा, खानेपानी र सिँचाइका पूर्वाधार व्यवस्थापनको काम बाँकी छ", प्रमुख पौडेलले भने, "आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई मुआब्जा वितरणको प्रक्रिया सँगै अगाडि बढाएका छौँ ।" पश्चिम खण्डमा हालसम्म पाँच किमी सडक कालोपत्र भइसकेको छ। तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्रको तयारी गरिएकामा वर्षाले अवरोध पुऱ्याएको आयोजना प्रमुख पौडेलले बताए। १९ प्रतिशत भौतिक प्रगति हुनुपर्नेमा वर्षाकै कारण १७ प्रतिशतमात्र पुगेको उनको भनाइ छ। प्रमुख पौडेलले आगामी असारभित्र ३० प्रतिशत भौतिक प्रगति हासिल गर्ने लक्ष्यसहित आयोजनाको कामलाई गति दिइएको बताए। तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्म ३८ दशमलव ८८ किमी दूरी रहेको पश्चिम खण्डको आधा सडक छ लेन र आधा चार लेनको बन्ने पौडेलले जानकारी दिए । आयोजनासँग हाल २० किमी कालोपत्र गर्न आवश्यक सामग्री तयारी अवस्था छ । निर्माण सामग्रीको अभाव हुन नदिन आयोजनाले कास्की र तनहुँका स्थानीय तहसँग समन्वय गरिरहेको छ । आयोजनाको पश्चिम खण्ड निर्माण पूर्वी खण्डको भन्दा छ महिना पछि सुरु भएको थियो । सडकको अधिकार क्षेत्रभित्रका संरचना, विद्युत् खम्बा, खानेपानीका पूर्वाधार आदि हटाउन समय लागेकाले आयोजना निर्माणमा ढिलाइ भएको प्रमुख पौडेलले बताए । पश्चिम खण्डमा विसं २०७८ भदौदेखि काम सुरु गरेकोमा ठेक्काको म्याद आगामी भदौसम्म रहेको आयोजना कार्यालयले जनाएको छ । सो अवधिमा निर्माण सम्पन्न नहुने भएपछि म्याद थपको प्रक्रिया अगाडि बढाइएको आयोजना प्रमुख पौडेलले जानकारी दिए । पश्चिम खण्डअन्तर्गत दुलेगौँडा र मुख्य बजार क्षेत्रको सडकको चौडाइ ४६ मिटर हुनेछ । जामुनेदेखि कुम्लेखोलासम्म १८ मिटर र बाँकी खण्डमा २३ मिटर सडक कालोपत्र हुने जनाइएको छ। पश्चिम खण्डमा १२ वटा पक्की पुल र एक सयको हाराहारीमा कल्भर्ट बनिरहेको आयोजना कार्यालयले जनाएको छ। पोखराको सेती नदीमा 'सिग्नेचर' पुल निर्माणाधीन अवस्थामा छ । 'केबल-स्टेड' प्रविधिको उक्त पुलको ठेक्का रसुवा कन्स्ट्रक्सनले लिएको छ । भ्याटबाहेक रु ९४ करोडमा ठेक्का लागेको पुल आकर्षक हुने आयोजनाले जनाएको छ ।

चिनियाँ निर्माण कम्पनी ' यनहुई काइयुयान हाइवे' एण्ड ब्रिज कन्सट्रक्सनलले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्डको निर्माण ठेक्का लिएको हो । कूल ८१ किमी दूरीको सो सडक एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको छ। सडक विस्तार भइरहेकाले प्रदेश


बाँकी अन्तिम पृष्ठमा ▶▶


## 'मानव बेचविखनको स्वरुप फेरिएको छ, अवस्था उस्तै छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

सरोकारवालाहरुले गण्डकी प्रदेशमा मानव बेचविखनको स्वरुप फेरिएको बताएका छन् । पोखरा थिएटरमा आइतबार भएको 'गण्डकी प्रदेशमा मानव वेचविखनको अवस्था र स्थिति विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले अहिले गण्डकीमा मानव बेचविखनको स्वरुप फेरिएपनि अवस्था उस्तै रहेको बताएका हुन् ।

कार्यक्रममा शक्ति समूह नेपालकी अध्यक्ष चरिमाया तामाङले मानव बेचविखनको स्वरुप र तरिका फेरिएपनि अवस्था उस्तै रहेको बताइन् । उनले होटल, स्पा, रेष्टुरेन्ट जस्ता कुरालाई व्यवस्थित तरिकाले लग्न नसक्दा समाजमा मानव बेचविखन विस्तार हुँदै गएको उल्लेख गरिन् ।

पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले होटल, स्पा, रेष्टुरेन्टमा हुने अवैध गतिविधिको अनुगमन गरिरहेको बताइन् । कारवाहीको अधिकार स्थानीय तहलाई नहुँदा अनुगमन प्रभावकारी हुन नसकेको उनले सुनाइन् । 'हामी अनुगमन त गर्छौं । तर, हामीलाई कारवाहीको अधिकारी नहुँदा अनुगमन प्रभावकारी हुन सकेको छैन ।'

अहिले पनि बेचविखनमा परेका पीडितहरु समाजमा



पुनर्स्थापना हुन कठिन हुने अवस्था रहेको शक्ति समूह नेपालकी हरिमायाले सुनाइन् । पोखरा महानगरकी उपप्रमुख मञ्जुदेवीले मानव बेचबिखनमा परेकाहरुलाई समाजमा पुनर्स्थापनाका लागि महानगरले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताइन् । उनले पीडितलाई लक्षित गर्दै सञ्चालन गरेको कार्यक्रमले उनीहरुलाई पुनर्स्थापना हुन सजिलो भएको दाबी गरिन् ।

कास्की प्रहरी प्रमुख एसपी मोहनकुमार थापाले रात्रिकालिन मनोरञ्जनमा वेश्यावृत्तिका लागि बढी मानव बेचविखन हुने गरेको बताए । 'वेश्यावृत्तिका लागि बढी बेचविखन भएको देखिन्छ । त्यसमा पनि १८ वर्षभन्दा मुनिका बालबालिका बढी पीडित भएको देखिन्छ,' उनले भने, ' खाजाघर, रेस्टुरेन्ट, दोहोरी जस्ता रात्रिकालिन मनोरञ्जनमा वेश्यावृत्तिका लागि मानव बेचविखन भएको पाइन्छ ।'

प्रदेशमा छुट्टै कानुन नबनाएपनि मानव बेचविखनको विषय छलफल हुने गरेको प्रदेश सभा सदस्य सरस्वती गुरुङले बताइन् । 'कसरी मानव बेचविखनलाई कम गर्न सक्छौं भनेर समितिमा छलफल गरिराखेका छौं । आफ्नो छुट्टै ऐन चाहिँ गण्डकी प्रदेशले बनाउन सकेको छैन । मानव बेचविखनको कुरा संविधानको धाराअनुसार नै गर्नुपर्ने हुँदा त्यसमा हामीले बनाएका छैनौं,' उनले भनिन् ।

सरकारी वकिल कार्यालय कास्कीका न्यायाधिवक्ता गोपालप्रसाद ढकालले गोपनियताका डरले पनि मानव बेचविखनको घटना बाहिर नआउने गरेको बताए । 'बाहिर जान खोज्नुहुन्न । सक्नुहुन्न । सूचनाका कारणले, सचेतनाको कमीले पनि बाहिर आउन सकेको छैनन्,' उनले भने ।

कार्यक्रम शक्ति समूहसँगको सहकार्यमा पब्लिक फोरके टेलिभिजनले अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रमलाई पोखरा थियटर र फ्रि अ गर्ल सघाएका थिए ।

## कास्कीको भदौरेमा जिप दुर्घटनामा परी २ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

कास्कीको भदौरे (थामकोडाडाँ) मा आइतबार जिप दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। पोखरादेखि सल्यान जादै गरेको ग १ ज ५५४७ नम्बरको बोलेरो जिप कास्कीको अन्नपूर्ण गाउँपालिका ४ मा पर्ने सल्लाघारीमा दुर्घटना हुँदा २ जनाको मृत्यु भएको कास्की प्रहरीले जनाएको छ।

मृत्यु हुनेहरुमा पोखरा २३ पामे क्षेत्रका ५५ बर्षीय लक्ष्मण सुनार र ५२ बर्षीय जयराम सुनार रहनु भएको छ। जिप दुर्घटनामा परी गम्भिर घाइते हुनु भएको उहाँहरुलाई मणिपाल शिक्षण अस्पतालमा पुर्याएसंगै चिकित्सकले मृत घोषणा गरेको थिया । जिपमा सवार हुने १० जना घाइते हुनु भएको छ भने हाल उहाँहरुको पहिचान नखुलेको कास्कीका प्रहरी प्रमुख एसपी मोहन कुमार थापाले बताउनु भयो । उक्त जिपमा सवार १२ जना नै घाइते भएको एसपी थापाले बताउनु भयो । घाइतेहरुको स्थानिय र प्रहरीको सहयोगमा हाल पोखराको मणिपाल शिक्षण अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा उपचार भई रहेको छ।


उक्त जिप दुर्घटना दिउँसो करिब ४:२५ बजे भएको छ। जिप सडक देखि करिब डेढ सय मिटर तल खसेको स्थानियले बताउनु भयो । पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा ४ जनाको उपचार हुदैछ भने अन्यको मणिपालमा उपचार भई रहेको छ।

जिप चालक कास्की अन्नपूर्ण गा.पा. ४ बस्ने २२ बर्षका धनराज सुनारको अबस्था मध्यम रहेको छ। अन्य घाइते हुनेहरुमा पोखरा २३ बस्ने ५८ का लक्ष्मण कामी, सल्यान बस्ने ७ बर्षका आरुष बि.क., अन्नपूर्ण ४ कै ४१ बर्षीय राज कुमार बि.क.को प्रतिष्ठानमा उपचार हुदै गरेको छ। त्यसै गरी मणिपाल शिक्षण अस्पतालमा ५ जनाको उपचार हुदै छ । अन्नपूर्ण गाँउपालिका ५ सल्यान बस्ने ३५ बर्षका प्रकाश सुनार, अन्नपूर्णकै ३५ की सुशिला सुनार, १५ कर्षकै सोनिशा सुनार, २२ महिनाको बालक सुप्रिम सुनार घाइते भएका छन उनीहरु एकै परिवारका सदस्य हुनु हुन्छ । त्यसै गरी पोखरा २३ बस्ने ६० बर्षका राम प्रसाद सुनार र अन्नपुर्ण गा.पा. ४ का ५० बर्षीय देउमाया के.सी.घाइते हुनु भएको छ । घटनाको बारेमा अनुसन्धान भई रहेको कास्कीका प्रहरी प्रमुख एसपी मोहन कुमार थापाले बताउनु भयो। घटनाको बारेमा अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

घटनाको बारेमा प्रत्यक्षदर्शीको भनाईः

बाबा विदेशबाट आएको सन्दर्भ त्यसमा आफ्नो स्कुल बिदा भएको अबस्थामा गाँउ जादै गर्दा जिप दुर्घटनामा परेकी १५ बर्षकी छात्रा सोनिसा सुनार उक्त दुर्घटना चालकको असावधानिका कारण दुर्घटान भएको बताउछिन् । आइतबार कास्कीको भदौरेमा भएको जिप दुर्घटनामा सुनार सहित एकै परिवारका ४ सदस्य दुर्घटनामा परे पनि हाल खतरा मुक्त भएका छन्।

चालक नजिक सिटमा बसेकी सुनारले जिप बढी स्पीडमा रहेको तथा ओरालो र ट्रनिङमा विपरित साइडबाट मोटरसाइकल आएकोले मोटरसाइकललाई साइड दिन खोज्दा जिप दुर्घटनामा परेको बताइन् । पोखराको स्पाइरल ग्यालेक्सि कक्षा ९ मा अध्ययनरत सुनारका बाबा अन्नपूर्ण गाँउपालिका ५ सल्यान बस्ने ३५ बर्षका प्रकाश सुनार आमा सुशिला र २२ महिनाको बालक सुप्रिम भाइ हुन् । भिरालोमा दाइने साइडमा ट्रनिङ हुनुपर्नेमा विपरित साइड देब्रे तर्फ ट्रनिङ हुदा जिप दुर्घटना भएको स्थानिय बिष्णु बहादुर बिकले बताए। घटना हुन साथ कास्की प्रहरी, शसस्त्र प्रहरी वल कालिका गणको टोली तथा स्थानियबासि उद्धारमा खटिएको थियो ।

# पोखरा स्पोर्ट्स अवार्डलाई भव्य बनाउन भेला आयोजना, ११ उपसमिति निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



आठौं संस्करणको 'पोखरा स्पोर्ट्स'अवार्ड २०८०' को तयारीमा तीव्रता दिइएको छ। आगामी बैशाख २१ गते हुने तय भएको अवार्ड कार्यक्रमको तयारी स्वरुप आइतबार आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीमा आवद्ध सदस्यहरुको भेला आयोजना गरिएको हो।

मञ्चको कार्यालय पोखरा रंगशालाको मिडिया सेन्टरमा आयोजित भेलाका सहभागीले अवार्ड कार्यक्रमलाई व्यस्थित बनाउदै विगतका वर्षहरुको भन्दा थप आर्कषक बनाउनुपर्ने सुझाब दिएका छन्। उनीहरुले अवार्ड कार्यक्रमलाई 'ब्राण्ड'को रुपमा स्थापित गर्न सक्नुपर्नेमा जोड दिए। अवार्ड कार्यक्रमको लोकप्रियता बढाउन विगतका कमीकमजोरीलाई सुधार गर्दै सबैले अपनत्व लिन सक्ने खालको कार्यक्रम बनाउनुपर्ने बताए। सबैजनाले आ-आफ्नो ठाउँमा योगदान गर्ने हो भने कार्यक्रमको रौनकता बढ्ने र स्थापित कार्यक्रमको रुपमा यसको उचाइ थप बढ्ने उनीहरुको विश्वास थियो। सोही भेलाले मञ्चका अध्यक्ष दीननाथ बराल संयोजक रहेको मुल आयोजक समिति तथा विभिन्न ११ वटा उपसमितिका संयोजक र सह-संयोजक समेत चयन गरेको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। जस अनुसार आर्थिक संकलन उपसमितिको संयोजक कविता घर्ती मगर र सह-संयोजक शशी कुमार पौडेललाई जिम्मेवारी दिइएको छ। प्रचार प्रसार उपसमितिको संयोजकमा राजाराम पौडेल, सह-संयोजकमा विजय नेपाल र सदस्यहरुमा रिखिराम जिसी, धन बहादुर गुरुङ सुमन, विजय नेपाली रहेका छन्। अन्तराष्ट्रिय समन्वय उपसमितिको संयोजकमा केशव पाठक र सह-संयोजकमा सुर्दशन रन्जित, स्वागत सत्कार उपसमितिको संयोजकमा एकराज गिरी र सह-संयोजकमा फडिन्द्र अकिञ्चन रहेका छन्।

स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा मान बहादुर घर्ती र सह संयोजकमा राम गुरुङ, फोटोग्राफी तथा भिडियोग्राफि उपसमितिको संयोजकमा उमेश पुन र सह-संयोजकमा बसन्त शेर्पा रहेका छन्। मञ्च व्यवस्थापन समितिको संयोजकमा सन्देश श्रेष्ठ र सह-संयोजकमा धन बहादुर गुरुङ सुमन, सांस्कृतिक कार्यक्रम उपसमितिको संयोजकमा मन क्षेत्री र सह-संयोजकमा सुशिल नेपाली छन्। संघ संस्था समन्वय उपसमिति संयोजकमा रोहितराज पराजुली र सह-संयोजकमा कृष्ण दवाडी, मुल्याकंन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञवाली र सह-संयोजकमा गणेश बराल ढाकामोहन, क्विक रेसपोन्स उपसमिति संयोजकमा राजु गिरी र सह-संयोजकमा अर्जुन गाहा सुशान्त रहेका छन्। उपसमितिमा आवश्यकताको आधारमा सदस्य थप गर्ने अधिकार संयोजकलाई दिइएको महासचिव पौडेलले खुलाए। यसरी थप गरिएको सदस्यको बारेमा उपसमिति संयोजकले मुल आयोजक समितिको संयोजक अथवा मञ्चको कार्यसमितिलाई जानकारी गराउनुपर्नेछ। प्रतिभा छनोट समिति र उत्कृष्ट खेल पत्रकार छनोट समिति पछि चयन गर्ने मञ्चले जनाएको छ। अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिनेछ। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिकाले र राष्ट्रिय खेलकुद परिषदले समेत अवार्ड कार्यक्रममा सघाउनेछ। प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिसोर्ट एण्ड स्पा रहेको भने साहस स्पोर्ट्सले सहयोग गर्नेछन्। थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ।

खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको हो। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भेला सम्पन्न भएको हो।

# राम्चे-मैदान ग्रामिण सडकको निर्माणकार्य तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



वर्खायाम नजिकिदै आउँदा पोखरा महानगर पालिका वडा नं. १९ मा स-साना योजनाका निर्माणले गति लिएका छन।

वडा तथा महानगर स्तरिय टुक्रे योजना असार मसान्त अघि नै सम्पन्न गर्ने लक्ष्यका साथ उपभोक्ता समितिले कामलाई तिव्रता दिएका हुन्। वर्षायाममा काम गर्न समस्या हुने तथा निर्माण सामाग्री ढुवानीमा समेत समस्या हुने भएपछि समितिको क्रियाशिलता बढेको वताईएको छ। पोखरा महानगर पालिकावाट विनियोजित रकमवाट घार्मीको राम्चे, काउलेपानी हुदैं मैदान जोड्ने सडक निर्माणले पछिल्लो समय गति लिएको छ। केही समय अघिसम्म सुस्त गतिमा काम भएको उक्त योजनामा हाल निर्धारित समय अगावै सक्ने गरी निर्माण कार्यलाई तिव्रता दिईएको राम्चे, काउँलेपानी हुदैं मैदान जोड्ने सडक उपभोक्ता समितिका अध्यक्ष पोषराज पौडेलले जानकारी दिनुभयो।

विचमा कामदारको अभाव तथा निर्माण सामाग्री ढुवानीमा समस्याका कारण निर्माण कार्य सुस्त भएको भन्दैं उहाँले अहिले समितिका सदस्यकै अग्रसरता तथा दैनिक गरिने अनुगमनका कारण कामले तिव्रता पाएको वताउनुभयो। राम्चेदेखि मैदानसम्म ३ कि.मी भएता पनि हाल नाला सहितको ढलान ३सय मिटर गरिने जसमा १ सय मिटर रड सहितको ढलान हुने, २ ठाउँमा १५/१५ मिटरका कज वे र १ सय ५० घनमिटरको ग्यावित निर्माण गरिने उपभोक्ता समितिले जनाएको छ। उक्त कार्यका लागी महानगर र उपभोक्ता समितिवाट समेत गरी करिव ५५ लाख वजेट विनियोजन भएको छ। जेष्ठ मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी काम गरिएको सचिव रामप्रसाद पौडेलले बताउनुभयो। निर्माणधिन कार्यको वडाध्यक्ष पुष्पेन्द्र पाण्डे सहितको प्राविधिक टोलिले निरीक्षण समेत गरेको छ। निरिक्षण पछि वडाध्यक्ष पाण्डेले वर्षायाम अघि नै कार्य सम्पन्न गर्न र कामको नियमित अनुगमन गरी गुणस्तरीय काम गर्न समितिलाई सुझाव दिनुभयो। सो सडक निर्माण पछि त्यस भेगका अधिकांश बासिन्दा लाभाम्वित हुने छन्। स्थानियले वाँकी खण्ड पनि छिट्टै निर्माणका लागि आवस्यक वजेटको व्यवस्था गर्न वडा तथा महानगरको ध्यानाकर्षण गराएका छन्।

# सिड फाउन्डेसनद्वारा बिउ बीजन बितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



पोखरा महानगरपालिका वडा नं. ३१, पचभैया स्थित सिड फाउन्डेसन कास्कीले स्थानीय स्तरमा रहेका ८ वटा आमा समूह मार्फत २२० परिवारलाई एक कार्यक्रमका बिच मौसमी तरकारीका बीउ बीजन बितरण गरिएको छ।

बितरित बिउमा काक्रो, घिरौला, करेला, बोडी मालेपाटन, चौमासे सिमी, फर्सी, मीटर बोडी र भिण्डी रहेका छन्। निवर्तमान अध्यक्ष एवं सल्लाहकार ध्रुवनाथ अधिकारीले सहभागीलाई स्वागत साथै भुतपुर्व अध्यक्ष नवराज अधिकारीले कार्यक्रम बारे प्रकाश पारिएको सो कार्यक्रमको अध्यक्षता संस्थाका सचिव मदन थापाले गर्नुभएको थियो। सहभागीको तर्फबाट नमुना आमा समुहकी अध्यक्ष सुनीता थापाले सिडले यस क्षेत्रका बासिन्दालाई महिला शसक्तिकरण, स्वाबलम्वन र स्वरोजगारमूलक विभिन्न कार्यक्रम गर्दै आएको र भविष्यमा पनि यसरी नै सहयोग जारी राख्न अनुरोध गर्नुभयो। सबैलाई धन्यवाद ज्ञापन गर्दै यो नमुना परियोजनाका रूपमा रहेको र अनुगमन पछि सक्रिय कृषकलाई थप सहयोग उपलब्ध गराईने आश्वासन दिदै कार्यक्रमको समापन गरिएको कार्यक्रमको संचालन संस्थाकी सदस्य प्रेम कुमारी न्यौपानेले गर्नुभएको थियो।

# नागरिक आरोग्य समिति कास्कीको आयुर्वेद सेवा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



गण्डकी प्रदेशका प्रमुख डिल्ली राज भट्टले स्वस्थ नागरिक समृद्ध मुलुकको आधार रहेको बताएका छन्। स्वस्थ खानपान र जीवनशैलीले रोग लाग्न नदिने र रोग लागेमा आयुर्वेदिक औषधोपचारमा जोड दिन पनि उनले आग्रह गरे।

गण्डकी आयुर्वेद औषधालय, कास्की र जिल्ला नागरिक आरोग्य समिति, कास्कीको संयुक्त आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा पोखरामा शुक्रबार आयोजित नागरिक आरोग्य अभियान, आयुर्वेद सेवा सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा प्रदेश प्रमुख भट्टले यस्तो बताएका हुन्।

योग, ध्यान, सिद्धि, उचित खानपान एवं आयुर्वेद औषधोपचार गर्ने व्यक्ति दीर्घजीवी हुने गरेको भन्दै प्रदेश प्रमुख भट्टले आफूपनि ७७ वर्षको उमेरमा स्वस्थ, तन्दुरुस्त भएको उदाहरण प्रस्तुत गरे। 'स्वस्थ जीवन भएमा मात्र मुलुकको आर्थिक समृद्धि कायम हुनेछ। योग, ध्यान, साधना र व्यायामले व्यक्तिमा सकारात्मक सोचको विकासमा प्रेरणा मिल्छ।' उनले भने- ' मानव जीवनको सबैभन्दा महत्वपूर्ण र संवेदनशील पाटो नै स्वास्थ्य हो। त्यसैले स्वास्थ्य क्षेत्रको विकासलाई समग्र देशकै विकास र समृद्धिसंग जोड्नुपर्छ। नागरिक स्वस्थ भए मात्रै मुलुक स्वस्थ बन्न सक्छ।'

प्रदेश प्रमुख भट्टले जैविक विविधताका कारण नेपाल आयुर्वेदिक औषधीको विकासका लागि निकै उपयोगी क्षेत्र भएको बताए।

देशमा उम्रिएका जडिबुटीले औषधिको काम गर्ने भएकाले आयुर्वेदको प्रवर्द्धन गरिनुपर्नेमा पनि उनले जोड दिए। आयुर्वेदिक औषधिले अन्य रोग ननिम्तने भएकाले मानव स्वास्थ्य राम्रो बनाउन आयुर्वेदिक उपचार पद्धतिलाई प्रवर्द्धन गरिनुपर्ने बताए।'मानव सभ्यतालाई जिवन्त राख्न र स्वस्थ एवं समृद्ध समाजको कल्पना तब मात्र साकार पार्न सकिन्छ जब राष्ट्रको हरेक नागरिक निरोगी हुन्छन्' - उनले भने। नेपालमा आयुर्वेदिक औषधोपचारलाई प्रवर्द्धन गर्नका लागि यस्ता आयुर्वेद सेवा सम्बन्धी अन्तर्क्रिया एवं योजना तयार सम्बन्धी छलफलले टेवा पुग्ने उनले बताए।

जिल्ला आरोग्य नागरिक समिति कास्कीका संयोजक एवं जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कास्कीका पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य महाशाखा तथा शाखा प्रमुख, शिक्षा महाशाखा तथा शाखा प्रमुख, आयुर्वेद संस्था प्रमुखहरु सहभागी थिए।

सो अवसरमा स्वास्थ्य जीवन शैली एवं नसर्ने रोग रोकथामका उपायहरु, आयुर्वेद र आयुर्वेद संस्थाहरु बारे प्रस्तुति, योग र मेच सुर्य नमस्कार, आयुर्वेदबारे छलफल तथा अन्तर्क्रिया गरिएको थियो। कार्यक्रममा गण्डकी आयुर्वेद औषधालय कास्कीका प्रमुख डा. कुमार कासुलालगायतले कार्यपत्र प्रस्तुत गरे।

## पोखरा ...

राजधानी पोखरा प्रवेश गर्ने मुख्य सडकको यात्रामा सर्वसाधारणले सास्ती खेप्न बाध्य छन्। घाम लाग्दा सडक धुलाम्मे र वर्षात्मा हिलाम्ये हुँदा यातायात सञ्चालनमा कठिनाइ भएको छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पहिलेको तुलनामा पछिल्लो समय सडक निर्माणले गति लिएकामा सन्तोष व्यक्त गरे।


"सडक निर्माण सुस्त भएपछि हामीले दबाबमूलक कार्यक्रम गर्नुपरेको थियो, अहिले सडकको प्रगति हेर्दा सन्तोषजनक देखिन्छ", उनले भने, "पर्यटकीय राजधानी जोड्ने मुख्य सडकमार्ग भएकाले चाँडो निर्माण सम्पन्न गर्न सम्बन्धित पक्षको ध्यान जानु जरुरी छ। यो सडक पोखराको पर्यटनका लागि कोसेढुङ्गा हो।" पोखरा-मुग्लिन सडकस्तरीय नहुँदा पोखरा र आसपासको पर्यटन क्षेत्र मारमा परेको छ। पर्यटकीय राजधानी प्रवेश गर्न घण्टौंको सास्तीपूर्ण यात्रा गर्नुपर्ने अवस्था अन्त्य हुनेमा विश्वस्त रहेको अध्यक्ष श्रेष्ठले बताए।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# विश्वासको मतका लागि शर्तै शर्त

नेकपा एकीकृत समाजवादीले बाग्मती प्रदेशका मुख्यमन्त्री शालीकराम जमरकट्टेललाई विश्वासको मत दिनुअघि मुख्यमन्त्रीको शर्त राखेको छ । सरकारमा रहेको दलले मुख्यमन्त्री नपाए विश्वासको मत दिन नसकिने भन्नु राजनीतिमा शेयर खोज्नु हो । प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिनुअघि शर्त राखे जस्तै अहिले नगद लिन खोजेका छन । एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलको आइतबार बसेको बैठकले मुख्यमन्त्रीमा अलोपालो नभए जम्कट्टेललाई विश्वासको मत दिन नसकिने निर्णय गरेको हो । एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले यही अवस्थामा वर्तमान मुख्यमन्त्रीलाई विश्वासको मत दिन नसकिने बताएकाछन । अहिलेकै अवस्थामा मुख्यमन्त्रीलाई विश्वासको मत दिन सकिँदैन ।

मुख्यमन्त्रीलगायत केही विषयमा थप छलफल र विश्वासको वातावरण आवश्यक छ । माधव नेपालको च्याखे राख्नेबेलामा' जस्तै तुरुप हानेका हुन । गठबन्धनको सिद्धान्तअनुसार समान सहभागिता आफ्नो पार्टीको 'बटमलाइन' भएको एसको शर्त छ । 'गठबन्धनको भावनाअनुसार अगाडि बढ्ने हो भने सबै संयुक्तमा हुनुपर्‍यो, हैन भने दुई वटा पार्टीले निर्णय गरेका छन्, त्यसमा हामी किन बस्ने ?' मुख्यमन्त्री जम्कट्टेलले सोमबार विहानप्रदेश सभाबाट विश्वासको मत लिने कार्यसूची छ । २५ पुस २०७९ मा सरकार गठन हुँदाको सहमतिअनुसार नेकपा एमाले र माओवादी केन्द्रले मात्रै मुख्यमन्त्रीमा आलोपालो गर्ने संकेत पाएपछि एकीकृत समाजवादी असन्तुष्ट बनेको छ । एमाले र माओवादी समर्थकलाई प्याच्च भन्नुगरद खोज्नु हो ।

एक वर्षअघि सरकार गठन हुँदा माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेल र नेकपा एमालेका नेता जगन्नाथ थपलियाले आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति भएको थियो । त्यतिबेला एकीकृत समाजवादी सरकार बाहिरै थियो । २५ पुस ०७९ मा नेकपा एमाले र राप्रपाको समर्थनमा शालिकराम जम्कट्टेलको नेतृत्वमा सरकार बनेको थियो । उक्त सरकार दुई महिनामै ढलेर पुनः नयाँ सत्ता समीकरणअनुसार नेपाली कांग्रेस र एकीकृत समाजवादीको समर्थनमा जम्कट्टेलले सरकार गठन गरेका थिए । हाल एमालेले पुरानै सहमतिअनुसार अबको एक वर्षपछि जम्कट्टेलले नेतृत्व आफूलाई हस्तान्तरण गर्नुपर्ने बताउँदै आएको छ । विगतमा केन्द्रमै भएको सहमतिअनुसार अबको एक वर्षमा एमालेको पालो छ ।' केन्द्रसँगै प्रदेशको सत्ता समीकरणमा पनि फेरबदल आएपछि बागमतीमा मुख्यमन्त्रीको भागबण्डा नटुंगिएकाले सरकार विस्तारमा ढिलाइ भइरहेको छ ।

गठबन्धनका तीन दल एमाले, माओवादी, एकीकृत समाजवादी मात्रै होइन, हाम्रो नेपाली पार्टीले पनि मुख्यमन्त्रीमा दाबी छोडेको छैन । हाम्रो नेपाली पार्टीको संसदीय दलका नेता एवम् नवनियुक्त संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमाज बज्राचार्यले १५ चैतमा मुख्यमन्त्री कार्यालय परिसरमा पत्रकारहरूलाई प्रतिक्रिया दिँदै मुख्यमन्त्रीमा आलोपालो सहमतिपछि सरकारमा सहभागी भएको बताएका थिए । १५ चैतमा सरकारमा सहभागी दार दलले गरेको सहमतिमा पनि सरकारको नेतृत्व आलोपालोमा गर्ने उल्लेख छ । आलोपालोमा सहमति भए पनि कसले, कति नेतृत्व गर्ने भन्ने टुंगो नलागेको माओवादी केन्द्र बागमतीका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए । आलोपालो टुंगिएको छैन । माथि (केन्द्रमा) जे हुन्छ त्यसैअनुसार सहमति अगाडि बढ्छ ।' प्रदेशका नेताको जिकिर छ । हरेक प्रदेशमा साना र स्वतन्त्रले भाउ खोज्ने प्रबृति बढेको छ ।



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पेट्रोलको मूल्य बढ्यो

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ । निगमले सोमबार बिहानदेखि लागु हुने गरी पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँले बढाएको हो । इण्डियन आयल कर्पोरेशनबाट आइतबार ४.७६ रुपैयाँले बढेर आएपछि नेपालमा पनि मूल्य बढाएको निगमले जनाएको छ ।

निगमका अनुसार इण्डियन आयल कर्पोरेशनबाट डिजेल र मट्टितेलमा रु. ०.३९, हवाई इन्धनमा रु. ०.३८ र एल.पी. ग्यासमा प्रतिसिलिण्डर रु.२७.४४ ले घटेर आएको छ । मूल्य बढेसँगै पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगन्जमा पेट्रोलको मूल्य प्रतिलिटर १७२.५० रुपैयाँ पुगेको छ । यस्तै दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर १७४ रुपैयाँ पुगेको छ ।

# गण्डकीका कबडी खेलाडीहरुको बिदाई

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखरा । गण्डकी प्रदेश पुरुष कबडी टोलीलाई आइतबार बिदाई गरिएको छ ।

सोमबारबाट नवलपर ासीमा सुरु हुने राष्ट्रिय कबड्डी प्रतियोगितामा सहभागिता जनाउन हिँडेको टोलीलाई प्रदेश खेलकुद परिषद गण्डकीले एक कार्यक्रमका बीच बिदाई गरिएको हो । जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालन हुने मुख्यमन्त्री अन्तर प्रदेश स्तरीय पुरुष कबड्डी प्रतियोगितामा सहभागिता जनाउन १२ खेलाडी र दुई अफिसियलसहित १४ सदस्यिय टोली त्यसतर्फ प्रस्थान गरेको छ । प्रतियोगितामा सहभागि हुने



खेलाडीहरुमा हिरा प्रसाद गौचन (कप्तान), २ बिशाल थापा जवन बोलन, डिल बहादुर थापा, सुजन पुन, अस्मिर राना, उचित रिमाल, भोला विन, तुल बहादुर थापा, टेक बहादुर राना, सुभम शाक्य र विष्णु केवत रहेका छन् । त्यसै गरी टिम प्रशिक्षकमा सन्दिप पन्त र व्यवस्थापकमा बिक्रम थापा रहेका छन् । खेलाडीहरु प्रस्थान गर्नु अघि प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य केशव पाठक, परिषदका कार्यालय प्रमुख तोपलाल भुसाल, गण्डकी प्रदेश कबड्डी संघका सचिव हरि जिशीलगायतले जितको शुभकामना दिँदै बिदाई गरेका थिए ।

# तीन महिने निःशुल्क कटाई सिलाई तालिम शुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

व्यावसायिक तथा सिप विकास तालिम केन्द्र पोखराको आयोजना र पोखरा महानगरपालिका वडा नं १३ को समन्वयमा निःशुल्क कटाई सिलाई तालिम शुरु भएको छ ।

पोखरा १३ मा शुरु भएको तीन महिने (३९० कार्यघण्टा) एड्भान्स तालिममा २० जना महिलाको सहभागिता रहेको छ ।

महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले तालिम आयोजना गरिएको हो । केन्द्र प्रमुख लक्ष्मी भद्र वाग्लेका अनुसार, यस आर्थिक वर्षमा विगतका आर्थिक वर्षमा भन्दा स्थानीय तहमा बढी कार्यक्रम गरिएको जानकारी दिनुभयो । उहाँले आवश्यकतामा आधारीत




भएर तालिमका कार्यक्रमहरु संचालन गरिएको बताउँदै तालिमपछि रोजगार र स्वरोजगार दुवै अवस्था सृजना हुने बताउनुभयो ।

तालिम उद्घाटन गर्दै पोखरा १३ का वडा अध्यक्ष किरण बरालले नागरिकहरु लाभान्वित हुने खालका कार्यक्रमलाई प्राथमिकता दिइएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य रजनी परियार, पृथ्वीधर सिग्देल, समाजकी सचिव मैया सिग्देल, समाजसेवी नवीन सिग्देल, प्रशिक्षक कृष्ण प्रसाद थापा, मिना थापा लगायतले बोल्नुभएको थियो ।

# प्रदेश खेलकुद परिषद गण्डकीद्वारा १० औं राष्ट्रिय खेलकुदको तयारी सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

प्रदेश खेलकुद परिषद गण्डकीले १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरेको छ ।

परिषदमा आइतबार खेल संघहरु संग बैठक बसी १० औं राष्ट्रिय खेलकुदको तयारी सुरु गर्न सम्पूर्ण खेल संघहरुलाई निर्देशन दिएको छ । परिषदले सबै खेल संघहरुलाई बैशाख भित्र सबै खेलहरु सम्भव भएका खेलहरुको प्रतियोगितामार्फत अथवा सम्भव प्रतियोगिता सम्भव नभएका खेलहरुको सोझै खेलाडीहरुको छनौट गर्न भनेको छ । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८१ सालको मंसिर महिनाको २ देखि ९ गतेसम्म आयोजना हुने राष्ट्रिय खेलकुद परिषदले यस अघि नै घोषणा गरिसकेको छ ।

खेल संघहरुको बैठकमा परिषदका सदस्य सचिव श्रीधर शर्माले १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको बैशाखमा हुने पूर्व



तयारीका लागि करिव १ करोड ७५ लाख खर्च हुने बताएका छन् । छनौट प्रतियोगिताहरु एक जिल्लामा मात्रै सिमित नगरी सम्भव भए सम्म प्रदेशका सबै जिल्लामा आयोजना गरी तयारी गर्न समेत सदस्य सचिव शर्माले खेलकुद संघहरुलाई आग्रह गरेका छन् । सदस्य सचिव शर्माले सबै खेलसंघहरुको चैत्र मसान्त सम्म दर्ता र नविकरण गर्न निर्देशन दिँदै नविकरण नगर्ने खेलसंघहरुले लेटर प्याड वा छाप प्रयोग गरेमा परिषदले छाप किर्तेमा मुद्धा चलाउने चेतावनी दिँदै खेल संघहरुको समस्या समाधान गर्न र बलियो बनाउन परिषदले सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाए । "परिषद खेल संघहरुलाई बलियो बनाउन सहकार्य गर्न तयार छ", उनले भने–"समाजमा हामीले खेल संस्कृतीको सन्देश दिनु छ । तर त्यस भन्दा अघि संघ आफैमा मर्यादित, पारदर्शी सँगै आर्थिक शुसासन कायम गर्न नविकरण र दर्ता पहिलो शर्त हो ।" बैठकमा प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य ऋषीराम गौतम, कार्यालय प्रमुख तोपलाल भुसाल, ३६ वटै खेल संघका अध्यक्ष तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# लक्ष्मी माविमा भुपू विद्यार्थी एशोसियसन गठन

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखरा महानगरपालिका वडा नं २६ को अर्घौस्थित लक्ष्मी माविमा भु.पू. विद्यार्थीहरुको भेलाले एशोसियसनलाई पुनःगठन गरेको छ ।

एशोसियन गठन भए पनि सुसुप्त अवस्थामा रहेको र समितिका केही सदस्यहरु बाहिर रहेकाले समितिलाई पुर्णता दिनका लागि संस्थापक तदर्थ समितिका संयोजक गोविन्द भण्डारीको संयोजकत्वमा नयाँ समिति चयन गरिएको हो । विद्यालयका प्रधानाध्याक जगनाथ अधिकारीको अध्यक्षतामा भएको भेलाले समितिलाई सक्रिय बनाउँदै वि.स २०४८ साल देखिका भुपू विद्यार्थीहरुलाई समेट्ने गरि समितिलाई पुर्णता दिएको हो । नवगठित समितिको सह संयोजकमा रोहित वराल,सचिवमा गगंधर वराल,कोषाध्यक्षमा सविता बराल र सदस्यहरुमा उदिपराज ढुगाना,भुपेन्द्र केसी, भीमपाणि बराल, सितल ढुंगाना र आनन्द बजगाई रहेका छन् ।

# लिटिल स्टेपमा कक्षा विदाई तथा शुभकामना ज्ञापन कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

लिटिल स्टेपमा कक्षा १२, २०८० व्यवस्थापन, होटल व्यवस्थापन तथा विज्ञान संकायका ८१ जना विद्यार्थीहरुका लागि विदाई तथा शुभकामना साथै सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

संस्थाका संस्थापक शेरबहादुर गुरुङको विशेष उपस्थितिमा आयोजित यस कार्यक्रमको सभापतित्व कक्षा ११ की छात्रा मोनिका गुरुङले गर्नुभएको थियो । संस्थापक प्राचार्य पम्फा गुरुङले विद्यार्थीहरुलाई उज्ज्वल भविष्यको शुभकामनासहित उच्च शिक्षाका लागि विदेश पलायन नभई पोखरामा नै अन्तराष्ट्रिय स्तरको स्नातक तहमा पोखरा लिकङ्न इन्टरनेशनल कलेजमा भर्नाका लागि समेत आग्रह गर्नुभएको थियो । यसै कार्यक्रममा संस्थाका प्रमुख शैक्षिक अधिकारी (सिएओ) अनिल कुमार अर्यालले शुभकामना दिँदै स्नातक तह सम्बन्धी जानकारी दिनुभएको थियो । उक्त कार्यक्रममा विद्यालय संयोजक विनोद गिरीले विदाई तथा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सम्पूर्ण विद्यार्थीहरुलाई मायाको चिनो स्वरुप कलम प्रदान गरिएको उक्त कार्यक्रममा विद्यार्थीका तर्फबाट कक्षा १२ का छात्र मनिस बसौला तथा छात्रा पुर्णिमा शर्माले विद्यालय परिवार तथा कक्षा ११ का विद्यार्थीहरुलाई धन्यवाद ज्ञापन गरेका थिए भने कक्षा ११ की छात्राद्वय आकृति सि.के तथा युनिसा गुरुङले कार्यक्रमको उद्घोषण गर्नुका साथै कक्षा १२ का अग्रजहरुलाई उज्ज्वल भविष्यको कामना गर्नुभएको थियो ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/१८

यस कार्यालयबाट मिति २०७७/०६/२५ मा कास्की जिल्ला पोखरा-२१, कास्कीमा सञ्चालन गर्ने गरी पोखरा-२१, कास्की निवासी विवेक अधिकारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ९७०९५/०७७/०७८ (२०४९) को विवेक अधिकारी कृषि फर्मको नामक फर्मको प्रोप्राइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/१२/१५ मा फर्म बन्द गरिपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्मका अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरू तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**



# आमाघर पाठशाला

पोखरा-२२, पुम्दी भुम्दी, कास्की

**मसलन्द तथा खेलकुद सामग्री खरिद गर्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८०/१२/१९ गते

यस आमाघर पाठशालाका लागि शैक्षिक सत्र २०८१ मा आवश्यक पर्ने स्टेशनरी, मसलन्द तथा खेलकुद सामग्री सप्लायर्स छनोट गर्नुपर्ने भएकाले इच्छुक भ्याट र प्यानमा दर्ता भएका स्टेशनरीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र विद्यालयमा सम्पर्क गरी विद्यालयको मापदण्ड भित्रका सामाग्रीहरुको न्युनतम मूल्य सूचि बुझाउनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क स्थान** : आमाघर पाठशाला
**समयः** विहान ११:०० बजेदेखि २:०० बजेसम्म
**सम्पर्क नम्बर** - ९८४६४५०४५०

# छोरीलाई स्वावलम्बी बनाउन 'नगरकी छोरी' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पर्वत, १८ चैत

छोरीहरूको संरक्षण, छोरीलाई गरिने विभेदको अन्त्य, बालविवाहको उन्मूलनसहित छोरीलाई शिक्षित र स्वावलम्बी बनाउने उद्देश्यले बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रम कार्यान्वयन गरेको छ।

नगरमा जन्मेका छोरीहरूको सम्मान र आर्थिक भविष्यका लागि चालु आर्थिक वर्षमा विशेष योजनाका रूपमा घोषणा भएको कार्यक्रम कार्यान्वयनमा आएको हो । बागलुङ नगरपालिका-२ की अद्विका क्षेत्रीको नाममा बैंक खाता खोलेर नगरले कार्यक्रम शुभारम्भ गरेको हो।

प्रभु बैंकसँग सम्झौता गरी २०८० असारपछि जन्मिएका छोरीको नाममा खोलिएको खातामा नगरपालिकाको तर्फबाट रु पाँच हजार २० वर्षसम्म मुद्दती खातामा जम्मा गरिने नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताए।

नगरप्रमुख श्रेष्ठले छोरीको जन्मपश्चात् उनको नाममा नगरपालिकाले पाँच हजार मुद्दती खाता खोलेर जम्मा गरिदिने र उक्त खातामा अभिभावकले पनि रकम थप गर्न पाउनेगरी नगरकी छोरी कार्यक्रम अगाडि बढाएको बताए। नगरपालिकाले बैंकसँग सम्झौता गरी उक्त खातामा चक्रीय रूपमा उच्चतम ब्याज प्राप्त हुने र उक्त खाताको रकम कम्तीमा २० वर्षसम्म झिक्न नमिल्ने कार्यविधि निर्माण गरेको छ। नगरका छोरी २० वर्ष पुग्दा ब्याजले नै राम्रो रकम जम्मा हुने र छोरीको नाममा खाता खोलेपछि बचत गर्न अभिभावक प्रेरित हुने उनले बताए।

# कोशीका उवा संघका सचिवालयको टोली पोउवा संघमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



कोशी प्रदेशमा रहेका विभिन्न उद्योग वाणिज्य संघको सचिवालयमा कार्यरत प्रमुख/प्रतिनिधिहले पोखरा उद्योग वाणिज्य संघका गतिविधिबारे जानकारी लिएका छन्।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका सदस्य वीरेन्द्रकुमार साहको नेतृत्वमा अध्ययन-अवलोकन भ्रमणमा आएका उनीहरुलाई संघका कार्यवाहक अध्यक्ष गोकर्ण कार्की, उपाध्यक्ष देवेन्द्र केसी, महासचिव बलराम आचार्य,उपमहासचिव शोभा गौतमलगायतले विभिन्न जानकारी गराएका थिए।

कार्यक्रममा बोल्दै संघका कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले पोखरा उद्योग वाणिज्य संघले पोखराको जेठो सामाजिक संस्थाको हैसियतले गरेका विकास निर्माणका कामहरुबारे जानकारी गराए। सबल सचिवालय हुनु भनेको संस्था बलियो हुनु हो भन्दै उनले सचिवालयमा कार्यरत कर्मचारीहरुले उच्च मनोबलका साथ काम गर्नुपर्ने सुझाए।

भ्रमण दलमा सहभागी नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य प्रयास कार्कीले महासंघले व्यवसायीहरुको हितको लागि विभिन्न गतिविधि गरिरहेको बताउँदै आउँदा दिनमा पनि व्यवसायीहरुको हक-हितको लागि काम गर्ने प्रतिवद्धता जनाए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य जीवनज्योति श्रेष्ठ,गोखरा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार श्रेष्ठ, त्रियुगा उद्योग वाणिज्य संघका अध्यक्ष रमेश रसाइलीलगायतको उपस्थिति रहेको थियो।

# नेशनल क्रियशनमा शैक्षिक पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

नेशनल क्रियशन एकेडेमी पोखरा- ८ नागढुङ्गामा शैक्षिक तथा अतिरिक्त क्रियाकलापको पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

विद्यालयको २०७९ को शैक्षिक तथा २०८० को अतिरिक्त क्रियाकलापको पुस्कार वितरण गरिएको हो। कार्यक्रममा शैक्षिक तर्फ ट्रफी र अतिरिक्त क्रियाकलाप तर्फ मेडल प्रदान गरिएको थियो। कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल ज्ञानेन्द्र बहादुर थापाले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि हर पल लागि रहेको बताए। 'नयाँ नयाँ प्रविधिको विकास सँगै विद्यालयको पठन पाठनलाई पनि प्रविधि मैत्री बनाउदै गएका छौं' संस्थापक प्रिन्सिपल थापाले भने,' विश्व वाजरमा विक्ने खालको शिक्षा दिन विद्यालय तल्लीन छ।' उनले हरेक वर्ष विद्यालयका विद्यार्थीलाई पुरस्कार वितरणले थप उर्जा मिल्ने साथै सांस्कृति कार्यक्रमले प्रतिभा प्रस्फुटन गर्न मद्दत मिल्ने बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रशाशक विक्रम बहादुर थापा, अतिरिक्त क्रियाकलाप प्रमुख सुदामा रेग्मी, नेपाली विभाग प्रमुख सृजना आचार्य थापाले बोलेका थिए। उक्त कार्यक्रममा विद्यालयका विद्यार्थीले विविध साँस्कृति कार्यक्रम प्रस्तुत गरेका थिए।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म:
वि. स. २०१३/०८/११ गते

स्वर्गारोहण:
वि.स. २०८०/१२/१३ गते

**स्व: जयन्ती कुमारी गुरुङ**

साविक कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ३, याङ्जाकोट डाँडागाउँ पुख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्थाका सदस्य श्री कुमार गुरुङ/ डिलमाया गुरुङकी ममतामयी आमा/सासुआमा **जयन्ती कुमारी गुरुङ** को ६८ औं वर्षको उमेरमा असामयिक निधन भएको आज पितृकार्य (अर्घौ)को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति बुद्ध भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**


# कर्जा भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना


(प्रथम पटक प्रकाशित मिति २०८०/१२/१९)

यस सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमीटेड पोखरा ०९, बाट तपसिल बमोजिमका ऋणीको प्रथम पटक प्रकाशित मिति २०८०/१२/१९ उल्लेखित सदस्यहरुले कर्जा उपभोग गर्दै आउनुभएको उक्त कर्जाको संस्थालाई समय समयमा तिर्न, बुझाउनुपर्ने सावाँ ब्याज भुक्तान गर्न आउन पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तारताकेता गर्दा समेत ऋण सावाँ ब्याज चुक्ता, भुक्तान गर्न कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकाले ऋण कर्जा भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र संस्थामा बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज समेत चुक्ता गरी आफ्नो धितो सम्पती फुकुवा गरी लिन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन नियम र यहाँ कर्जा लिदा गरिएको तमसुक शर्त तथा कबुलियतनामा अनुसार थप कार्वाही प्रकृया अगाडि बढाइने जानकारी गराईन्छ।

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण | | |
|---|---|---|---|---|
| १ | **नाम : सुकुली गुरुङ्ग**<br>नागरिकता नं.: २९१५८ सुर्खेत<br>पतिको नाम : अमर बहादुर गुरुङ्ग<br>ससुराको नाम थान बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : सुर्खेत जिल्ला ७<br>हालको ठेगाना पोखरा, १५<br> | **धनजमानीको नाम : करुणा गुरुङ्ग**<br>नागरिकता नं.: ४६१००१।१०११५<br>बाबुको नाम : अमर बहादुर गुरुङ्ग<br>बाजेको नाम : थान बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : स्याङ्गजा ४, एलादी<br> | **धनजमानीको नामः लोक बहादुर दुरा**<br>नागरिकता नं. ४५३०२९।११८ कास्की<br>बाबुको नाम : झापड बहादुर पुई<br>बाजेको नाम : नक्कल बहादुर गुरुङ्ग<br>स्थायी ठेगानाः लमजुङ्ग ३,नेटा<br>हालको ठेगाना :पोखरा १५,कास्की<br> | **धनजमानीको नामः लाल बहादुर नेपाली**<br>नागरिकता नं.५१९३१ कास्की<br>बाबुको नाम : कमल सिंह नेपाली<br>बाजेको नाम : धनराशी नेपाली<br>स्थायी ठेगानाः पोखरा ०९ कास्की<br>हालको ठेगाना :पोखरा ०९,कास्की<br> |

**धितोको विवरण**

**जग्गाधनीको नाम** : सुकुली गुरुङ्ग, जिल्ला : कास्की, नगर, गाविसः छिनेडाडां कित्ता नं.: १९८१,३२८५ क्षेत्रफल ब.मि : ८५.४५ ब.मि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण |
|---|---|---|
| २ | **ऋणीको नाम : महेन्द्र राना**<br>नागरीकता नं.: ५०१८७<br>बाबुको नाम : रण बहादुर राना<br>बाजेको नामः बल बहादुर राना<br>स्थायी ठेगानाः पोखरा ०८, कास्की<br> | **धनजमानीको नाम : लक्ष्मी ढकाल श्रेत्री**<br>नागरीकता नं. : ३५३८१<br>पतिको नाम : महेन्द्र राना<br>ससुराको नाम : रण बहादुर राना<br>स्थायी ठेगाना : पोखरा ०८,कास्की<br> |

**धितोको विवरण**

**जग्गाधनीको नाम** : महेन्द्र राना,जिल्ला : कास्की,नगर,गाविसः पोखरा ८ कत्ता न. ५९०, ५९९, ६१०, ६१५, ६६४, ९३९, १०८८,१०९०, १० ९२, १०९३, ५९१, ६१३, ६१६, ६३३, ६४१, ६५०, ९२४, १०८७, १०९१, १०९४ क्षेत्रफल ब.मि : १७,७६०.१९ ब.मि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण |
|---|---|---|
| ३ | **ऋणीको नाम : चन्द्रा राना बस्नेत**<br>नागरिकता नंः २८९७९<br>पतिको नामः दान बहादुर बस्नेत<br>ससुराको नामः तुल बहादुर बस्नेत<br>स्थायी ठेगाना : पोखरा १२,कास्की<br>हालको ठेगाना : पोखरा १२,कास्की<br> | **धनजमानीको नाम : दान बहादुर बस्नेत**<br>नागरीकताः ३२७७<br>बुबाको नाम : तुल बहादुर बस्नेत<br>बाजेको नाम : गणेश बहादुर बस्नेत<br>स्थायी ठेगाना : तिलहार, ०९ पर्वत<br>हालको ठेगाना : पोखरा, १२ कास्की<br> |

**धितोको विवरणः**

**जग्गाधनीको नाम** : दान बहादुर बस्नेत, जिल्ला : कास्की, नगर, गाविस : पोखरा १२ कित्ता नं. : १६६ क्षेत्रफल ब.मि. ९९.२० ब.मि र तनहुँ जिल्ला उदेनढुङ्गा ०४ कित्ता नं. २१५९,२१६० क्षेत्रफल १०९४,९८ बमि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण |
|---|---|---|
| ४ | **ऋणीको नाम : धर्मदत्त पौडेल**<br>नागरीकता नं.: ३६२७७<br>बाबुको नामः शोभाखर पौडेल<br>बाजेको नामः हरिलाल पौडेल<br>स्थायी ठेगाना : पर्वत ०७<br>हालको ठेगानाः पोखरा ०५<br> | **धनजमानीको नाम : साबित्री आचार्य,पौडेल**<br>नागरीकता नं.: १४१०७३<br>पतिको नामः धर्मदत्त पौडेल<br>ससुराको नामः शोभाखर पौडेल<br>ठेगानाः पोखरा ०५,कास्की<br> |

**धितोको विवरणः**

**जग्गाधनीको नाम** : धर्मदत्त पौडेल, जिल्ला : पर्वत, नगर, गाविस : आर्थर डाडाखर्क,०७ कित्ता नं. १५४५ क्षेत्रफल ब.मि : ०-८-०-०/२५४.३२ ब.मि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

| क्र.सं. | ऋणी विवरण | धनजमानीको विवरण | |
|---|---|---|---|
| ५ | **ऋणीको नाम तारा बहादुर गिरी**<br>नागरिकता नं.:२८०३<br>बुबाको नाम : विन बहादुर गिरी<br>बाजेको नामः कबु गिरी<br>स्थायी ठेगानाः स्याङ्जा, ०९<br>हालको ठेगानाः पोखरा १७,कास्की<br> | **धनजमानीको नामः केशरी गिरी**<br>नागरिकता नं.: १०९४४३<br>पतिको नाम : तारा बहादुर गिरी<br>बुबाको नामः बिन बहादुर गिरी<br>स्थायी ठेगानाः स्याङ्जा, ०९<br>हालको ठेगाना : पोखरा १७ कास्की<br> | **धनजमानीको नाम : शिवराज बस्ताकोटी**<br>नागरिकता नं.: ८६४<br>बुबाको नामः बसन्त बस्ताकोटी<br>बाजेको नाम : गजाधर बस्ताकोटी<br>स्थायी ठेगाना :स्याङ्जा, ०९<br>हालको ठेगाना : पोखरा ०८,कास्की<br> |

**धितोको विवरणः**

**जग्गाधनीको नाम** : तारा बहादुर गिरी, जिल्ला : स्याङ्गजा, नगर, गाविस : स्याङ्गजा, ०९ कित्ता नं. ३५३,६१५,६१६ क्षेत्रफल ब.मि : २७०६.६६ ब.मि जग्गा तथा त्यसमा बनेका लिगलिगापात समेत सबै

**सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**पोखरा-९, संगममार्ग, कास्की**
**फोन नं. ०६१-५७२२४०**